# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ११] काठमाडौं, माघ १६ गते २०१८ साल [संख्या ४१

### श्री ५ को सरकार
### शिक्षा मन्त्रालय

काम छिटो र सुलभ होस् भन्नाकालागि श्री ५ को सरकारमा निहित अधिकार कलेज तथा स्कूलको संचालक समिति र संचालक परिषद्लाई प्रत्यायोजन गर्न आवश्यक भएकोले, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी, श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१) संक्षिप्त नाम र प्रारम्भ :– (१) यी नियमको नाम "अधिकार प्रत्यायोजन नियमह २०१८" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुने छन् ।

२) परिभाषा :— विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यी नियमहरूमा–

(क) 'कलेज' भन्नाले सरकारी कलेज सम्झनु पर्छ र यसले सरकारि महाविद्यालयसमेतलाई जनाउँछ ।

(ख) 'स्कूल' भन्नाले सरकारी स्कल सम्झनु पर्छ र यसले सरका विद्यालयसमेतलाई जनाउंछ ।



337

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३) संचालन परिषद् तथा संचालन समितिको गठन :– प्रत्येक सरकारी कलेज तथा सरकारी स्कूलको संचालन र प्रशासनको निमित्त श्री ५ को सरकारले क्रमशः संचालन परिषद् र संचालन समिति गठन गर्न सक्ने छ।

४) संचालन परिषद् तथा संचालन समितिलाई श्री ५ को सरकारले अधिकार प्रत्यायोजन गर्न सकिने:–(१) श्री ५ को सरकारले संचालन परिषद् वा संचालन समितिलाई आफूले मुनासिब सम्झेको आर्थिक र प्रशासकीय सम्बन्धी अधिकार प्रत्यायोजन गर्न सक्ने छ।

(२) उप–नियम (१) अन्तर्गत प्रत्यायोजन गरिएको अधिकार श्री ५ को सरकारले जुनसुकै समय खारेज वा खिक्न सक्ने छ।

आज्ञाले,
कुलशेखर शर्मा,
श्री ५ को सरकारको सचिव
शिक्षा मन्त्रालय ।

३३६

मुद्रण विभाग,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।